लिखु पिके गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सोलुखुम्बु, कोशी प्रदेश, नेपाल

# वातावरण व्यवस्थापन योजना

## अन्तिम प्रतिवेदन

लिखु पिके गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सोलुखुम्बु, कोशी प्रदेश, नेपाल

२०८०/०८१

# लिखु पिके गाउँपालिकाको
# वातावरण व्यवस्थापन योजना,
## सोलुखुम्बु, कोशी प्रदेश
अन्तिम प्रतिवेदन

लिखु पिके गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सोलुखुम्बु, कोशी प्रदेश

२०८०/०८१

# विषयसूची


अध्याय – १ः परिचय ........................................................................१

१.१ परिचय ........................................................................१

१.२ वातावरण संरक्षण सम्बन्धी दिगो विकासका लक्ष्यहरू (SDGs) ...............१

१.३ उद्देश्य ........................................................................ २

१.४ अध्ययनको दायरा ........................................................................ २

१.५ अध्ययन विधि ........................................................................३

१.५.१ दित्तीय स्रोतहरूको समिक्षा ........................................................................३

१.५.२ सन्दर्भ सूची निर्माण ........................................................................३

१.५.३ स्थलगत भ्रमण ........................................................................ ४

१.५.४ तथ्याङ्क विश्लेषण तथा अन्तिम प्रतिवेदन तयारी ........................ ४

अध्याय – २ः गाउँपालिकाको पृष्ठभूमि ........................................................................५

२.१ अवस्थिति ........................................................................ ५

२.२ प्रशासनिक सिमा ........................................................................ ५

२.३ जनसांख्यिक विवरण ........................................................................ ६

२.५ हावापानी ........................................................................ ७

२.६ प्रमुख नदीनाला तथा ताल तलैया ........................................................................ ७

२.७ धार्मिक ऐतिहासिक, पुरातात्विक र पर्यटकीय स्थलहरु ........................ ७

२.८ ईन्धनको प्रयोग ........................................................................ ८

२.९ भू-उपयोग ........................................................................ ९

२.१० वन तथा जैविक विविधता ........................................................................१०

२.११ भू-संरक्षण तथा जलाधार व्यवस्थापन ........................................................................१०

२.१२ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन र विपद् व्यवस्थापन ........................................................................११

अध्याय – ३ः गाउँपालिकाको वातावरणीय अवस्था ........................................................................ १३

३.१ लिखु पिके गाउँपालिकाको विद्यमान वातावरणीय अवस्था ....................१३

३.२ लिखु पिके गाउँपालिकाले वातावरण सम्बन्धी लिएको नीति तथा कार्यक्रमहरू ........................................................................१६

३.२.१ लिखु पिके गाउँपालिकाले लिएका नीतिहरू ..........................१६

३.२.२ आर्थिक वर्ष २०८०/०८१ मा फोहोरमैला व्यवस्थापन, वातावरण तथा विपद व्यवस्थापनका लागि ल्याईने कार्यक्रमहरूको योजना एवम् बजेट ........................................................................१७

अध्याय – ४: वातावरण व्यवस्थापन योजनाको रणनीति तथा कार्यनीति........................१९
४.१ ठोस फोहोरमैला व्यवस्थापन योजना........................................१९
४.२ ढल तथा जल निकासी व्यवस्थापन योजना ................................ २८
४.३ हरियाली व्यवस्थापन योजना................................................३०
४.४ वायुको गुणस्तर व्यवस्थापन योजना ......................................... ३१
४.५ स्थलगत तथा भूमिगत पानीको गुणस्तर व्यवस्थापन योजना................३५
४.६ माटोको गुणस्तर तथा भूमि व्यवस्थापन योजना..............................३७
४.७ विपद व्यवस्थापन योजना ....................................................३९
४.८ जैविक विविधता व्यवस्थापन योजना ........................................ ४१
अध्याय – ५: वातावरण व्यवस्थापन योजनाको कार्यक्रम तथा बजेट...........................४३
५.१ लिखु पिके गाउँपालिकाको वातावरण व्यवस्थापन योजनाको अनुमानित वार्षिक बजेट........................................................................ ४३
५.२ लिखु पिके गाउँपालिकाको वातावरण व्यवस्थापन योजनाको वार्षिक अनुमानित बजेटको सारांश........................................................... ५५
५.३ बजेटको सम्भावित स्रोत.......................................................५६
अध्याय – ६: नतिजा सूचक.......................................................................५७
अध्याय – ७: सारांश................................................................................ ६१
अनुसूहीहरू .......................................................................................... ६२
अनुसूची १ माइन्यूट ...........................................................................६२
अनुसूची २ तस्विर तथा नक्साहरू.............................................................६९

# अध्याय - १: परिचय

## १.१ परिचय

वातावरण व्यवस्थापन योजना (EMP) मानव गतिविधिहरू (परियोजना) बाट उत्पन्न हुने सम्भावित वातावरणीय जोखिम व्यवस्थापन गरी वातावरणीय रूपमा दिगो अवस्था सुनिश्चित गर्न र त्यस जोखिमलाई उचित रूपमा न्यूनीकरण गर्न उपयुक्त कार्यहरू गर्नको लागि विकास गरिएको स्थल-विशेष योजना हो । EMP ले कुनै पनि परियोजनाको जीवनचक्रमा वातावरणीय प्रभावहरू कम गर्नका लागि न्यूनीकरणका उपायहरू अपनाई परियोजना सम्पन्न गर्ने विषय सुनिश्चित गर्दछ। योजनाले वातावरणमा प्रतिकूल असर पार्ने विद्यमान र सम्भावित समस्याहरूलाई पहिचान दिन्छ र आवश्यक भएमा सुधारात्मक उपायहरू सिफारिस गर्दछ । साथै, योजनाले व्यवस्थापन योजनामा सुचित गरिएका कार्यहरू कार्यान्वयन गर्ने जिम्मेवार निकाय र त्यसमा लाग्ने अनुमानित लागतको समेत विवरण दिन्छ ।

वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियमावली २०७७, र राष्ट्रिय वातावरण नीति, २०७६ ले बिग्रिदै गएको वातावरणलाई जोगाउन प्रभावकारी कार्यहरूको आवश्यकतालाई जोड दिएको छ। तसर्थ, यस अध्ययनले प्रतिकूल वातावरणीय प्रभावहरूको न्यूनीकरणका लागि उपायहरू प्रस्ताव गर्नेछ।

## १.२ वातावरण संरक्षण सम्बन्धी दिगो विकासका लक्ष्यहरू (SDGs)

वातावरणसम्बन्धी समस्या विश्वभरी नै व्यापक रुपमा चर्चाको विषय भएको कारण वातावरण संरक्षणलाई विश्वव्यापी रुपमा महत्व दिइएको छ । तसर्थ, संयुक्त राष्ट्र संघले ल्याएको १७ वटा दिगो विकासका लक्ष्यहरूमध्ये चारवटा लक्ष्यले वातावरणसम्बन्धी मुद्दालाई प्राथमिकता दिएको छ ।

### लक्ष्य ६: सबैका लागि पानी र सरसफाईको उपलब्धता र दिगो व्यवस्थापनको व्यवस्था

यस लक्ष्यले सन् २०३० सम्ममा सबैका लागि सुरक्षित र किफायती खानेपानीमा विश्वव्यापी र समान पहुँच हासिल गर्ने, सबैका लागि पर्याप्त र समान सरसफाईको पहुँच र खुला दिशामुक्त देशको निर्माण गर्ने, प्रदुषण र हानिकारक फोहोरको उत्सर्जन कम, प्रशोधन नगरिएको फोहोर पानीको अनुपात कम, र विश्वव्यापी रुपमा पुनःप्रयोग र पुनःचक्रणमा उल्लेखनीय वृद्धि गरी पानीको गुणस्तरमा सुधार ल्याउने उद्देश्य रहेको छ ।

### लक्ष्य ७: सबैका लागि किफायती, भरपर्दो, दिगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्ने

सन् २०३० सम्म किफायती, भरपर्दो र आधुनिक उर्जामा विश्वव्यापी पहुँच सुनिश्चित गर्ने र नवीकरणीय उर्जाको प्रयोगमा उल्लेखनीय रुपमा वृद्धि गर्ने उद्देश्य रहेको छ ।

### लक्ष्य १३: जलवायु परिवर्तन र यसका असरहरू कम गर्न तत्काल कार्यक्रमहरू संचालन गर्ने

सबै देशहरूमा जलवायुसम्बन्धी विपद र प्राकृतिक प्रकोपको असर कम गर्ने र अनुकुलन क्षमतालाई बलियो बनाउने, जलवायु परिवर्तन न्यूनीकरण, अनुकुलन, प्रभाव न्यूनीकरण र पूर्वसुचनासम्बन्धी शिक्षा, सचेतना अभिवृद्धि र जनशक्ति तथा संस्थागत क्षमता बढाउने उद्देश्य रहेको छ ।

### लक्ष्य १५: भू:पारिस्थितिकीय प्रणालीको संरक्षण र दिगो प्रयोगको प्रवर्द्धन, वनको दिगो व्यवस्थापन, भूक्षयलाई रोक्ने र जैविक विविधता ह्रास हुन नदिने

सबै प्रकारका वनहरूको दिगो व्यवस्थापन गर्ने, वन विनाश रोक्ने, वृक्षारोपण बढाउने, भू: तथा जलीय पारिस्थितिकीय प्रणालीको संरक्षण र संवर्द्धन गर्ने आदि उद्देश्य रहेको छ ।

## १.३ उद्देश्य

लिखु पिके गाउँपालिकाले व्यहोर्न सक्ने वातावरणीय चुनौतीहरूलाई पार गर्न वातावरण व्यवस्थापन योजना तर्जुमा गर्दा देहायका विशिष्ट उद्देश्यहरू राखिएको छ:

i. गाउँपालिकामा प्राकृतिक तथा मानवीय कारणले हुने वातावरणीय ह्रासको पहिचान गर्ने,
ii. वातावरणीय समस्याहरूको आधारभूत जानकारी तयार गर्ने,
iii. आधारभूत जानकारीको आधारमा वातावरण व्यवस्थापन योजना तयार गर्ने,
iv. प्रमुख वातावरणीय प्रभावहरूको व्यवस्थापन योजना सिफारिस गर्ने,
v. वातावरण व्यवस्थापनको जिम्मेवारी र उत्तरदायित्व लिने सरोकारवालाको पहिचान गर्नेसाथै उक्त कार्य सम्पन्न गर्ने समयावधि र लागत अनुमान गर्ने ।

## १.४ अध्ययनको दायरा

i. पालिकाको सबै प्रकारका प्रमुख वातावरणीय समस्या र समस्याहरूको विवरण ।
ii. पालिकामा विद्यमान तथा भविष्यमा संचालन हुन सक्ने विकासका गतिविधिहरूको समीक्षा र तिनीहरूको वर्तमान र भविष्यमा सम्भावित वातावरणीय प्रभावहरूको अध्ययन ।
iii. हावा, पानी, माटो, ठोस फोहोर, जलवायु, पानीको स्रोत, जैविक विविधता, जनसांख्यिकी विवरण, भू-उपयोग, प्रकोप, ऊर्जा, पर्यटन, सांस्कृतिक सम्पदाहरू जस्ता विभिन्न वातावरणीय तत्वहरूको आधारभूत जानकारीको सङ्कलन ।
iv. सम्भावित प्रत्येक गतिविधिहरूको वातावरणीय प्रभाव पहिचान गरी यसका चुनौती तथा व्यवस्थापन कार्ययोजनाहरूको पहिचान ।
v. पालिकाको वातावरण व्यवस्थापन योजना तयार गर्ने ।

## १.५ अध्ययन विधि

यस अध्यायले "लिखु पिके गाउँपालिकाको वातावरण व्यवस्थापन योजना" तयार पार्न अपनाएका विधिहरूबारे विस्तृत जानकारी प्रदान गर्दछ । सन्दर्भ सर्तहरू (ToR) र तोकिएको कार्यसँग सम्बन्धीत अन्य द्वितीय स्रोतहरूको समीक्षापश्चात् प्रत्येक प्रमुख कार्यलाई समेट्न अध्ययन आधार र पद्दति विकास गरिएको थियो । अध्ययन क्रममा द्वितीय स्रोतहरूको समीक्षा, चेकलिष्ट निर्माण, स्थलगत भ्रमण तथा तथ्याङ्क संकलन, तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन लेखन गरिएको थियो ।

### १.५.१ द्वितीय स्रोतहरूको समिक्षा

अध्ययन क्रममा निम्न सान्दर्भिक कानूनी कागजात तथा लेखहरूको समीक्षा गरी प्रतिवेदन तयार पारिएको छः-

- वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण व्यवस्थापन नियमावली, २०७७
- राष्ट्रिय वातावरण नीति, २०७६
- राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६
- वातावरण व्यवस्थापन योजनाका अन्तराष्ट्रिय अभ्यास
- पन्ध्रौ पन्चवर्षीय योजना (२०७६/०७७ – २०८०/०८१)
- स्थलाकृत नक्शा (१:२५,००० स्केल), नापी विभाग, नेपाल सरकार
- नेपालको भौगोलिक नक्शा (१:२५,००० स्केल), खानि तथा भूगर्भ विभाग, नेपाल
- भू-उपयोग नक्शा, ICIMOD, २०१०
- जिल्ला प्रोफाईल, २०७४
- लिखु पिके गाउँपालिकाको प्रोफाईल, २०७५
- राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय
- संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि,२०७८
- लिखु पिके गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७६

### १.५.२ सन्दर्भ सूची निर्माण

वातावरण व्यवस्थापन योजना तयार पार्नका लागि आवश्यक तथ्याङ्कहरूको सन्दर्भ सूची निर्माण गरियो। सन्दर्भ सूची निर्माण क्रममा निम्नलिखित विषयहरूलाई ध्यानमा राखिएको थियो ।

- पालिकाको निति तथा बजेट
- फोहोर व्यवस्थापनको विद्यमान अवस्था (घर, विद्यालय, अस्पताल, संस्था आदिमा)
- पालिकाले फोहोरमैला व्यवस्थापनमा गरेका कामहरू
- विभिन्न स्रोतबाट उत्सर्जन हुने फोहोरका प्रकार
- वायु, माटो तथा जलस्रोत प्रदुषणका स्रोत र त्यसको असर
- विभिन्न वातावरणीय तत्वको प्रदुषण न्युनीकरणका लागि अपनाईएका उपायहरू

- जैविक विविधताको अवस्था तथा त्यसमा परेको मानवीय असर ।

### १.५.३ स्थलगत भ्रमण

लिखु पिके गाउँपालिकाको विद्यमान वातावरणको बारेमा जानकारी संकलन गर्नका लागि स्थलगत भ्रमण गरिएको थियो । प्राविधिक प्रतिवेदन, म्यानुअल र नीतिसम्बन्धी कागजातहरूबाट तथ्याङ्क र जानकारी सङ्कलन गरी परामर्शदाता टोलीले स्थलगत भ्रमणका लागि तयार गरेको सन्दर्भ सूची र प्रश्नावलीको मद्दतले तथ्याङ्क संकलन गरिएको थियो । स्थानीय निकाय तथा सरोकारवालाहरूसँगको छलफल, वडा र पालिका स्तरीय बैठक, अन्य सरोकारवालाहरूसँगको अन्तरक्रिया आदिमा आधारित रही लिखु पिके गाउँपालिकाको वातावरणीय अवस्थाको बारेमा आवश्यक जानकारी संकलन गरिएको थियो । यससँगै स्थलगत अध्ययन गर्ने क्रममा निम्न क्रियाकलापहरू गरिएको थियो ।

- पालिकाका प्रतिनिधिसँग अन्तरक्रिया
- वातावरण संरक्षणमा काम गर्ने सरोकारवाला व्यक्तिहरूसँग अन्तरक्रिया
- घरधुरी सर्वेक्षण
- घरबाट प्रतिदिन निस्किने फोहोरको वर्गीकरण
- फोहोर व्यवस्थापनसम्बन्धी प्रत्यक्ष अवलोकन

### १.५.४ तथ्याङ्क विश्लेषण तथा अन्तिम प्रतिवेदन तयारी

द्वितीय स्रोतको समीक्षा तथा स्थलगत भ्रमणबाट संकलन गरिएको तथ्याङ्कहरूलाई Excel Sheet को मद्दतले विभिन्न चार्ट बनाई विश्लेषण गरिएको थियो ।त्यसैगरी लिखु पिके गाउँपालिकाको वातावरणीय समस्याको बारेमा विज्ञहरूको विश्लेषणको मद्दतले वातावरण व्यवस्थापन कार्ययोजना तयार पारिएको छ । तथ्याङ्क विश्लेषण तथा वातावरणीय समस्याको पहिचान गरिएपश्चात् त्यसको आधारमा अन्तिम प्रतिवेदन तयार पारियो ।

# अध्याय - २: गाउँपालिकाको पृष्ठभूमि

## २.१ अवस्थिति

नेपालको कोशी प्रदेश अन्तर्गत पर्ने हिमाली जिल्ला सोलुखुम्बुमा अवस्थित यस गाउँपालिका अक्षांश २७.४८ डिग्री उत्तरदेखि २७.६१ डिग्री उत्तरसम्म र देशान्तर ८६.३५ डिग्री पूर्वदेखि ८६.५१ डिग्री पूर्वसम्म फैलिएको छ । समुन्द्र सतहबाट १२९८ मिटर देखि ४२१८ मिटर सम्मको उचाईमा अवस्थित छ । पूर्वमा सोलुदुधकुण्ड नगरपालिका, उत्तर एवम् पश्चिममा रामेछाप जिल्ला र दक्षिणमा ओखलढुंगा जिल्ला संग सिमाना जोडिएको छ । यस गाउपलिकको औसत लम्बाई १६.८ किलोमिटर औसत चौडाई ९.६ किलोमिटर रहेको छ ।




चित्र १: लिखु पिके गाउँपालिकाको स्थलाकृत नक्शा

## २.२ प्रशासनिक सिमा

लिखु पिके गाउँपालिका नेपालको एक हिमाली जिल्ला सोलुखम्बुमा रहेको गाउँपालिका हो | नेपालको संबिधान २०७२ ले अंगिकृत गरेको तिन तहको राज्य संरचना बमोजिम स्थानीय तह वर्गिकृत हुँदा सोलुखुम्बु जिल्लाका साविक गाउँ विकास समितिहरु गोली, चौलाखर्क र भकान्जेलाई समेटेर वि.सं. २०७३ फाल्गुण २७ गते लिखु पिके गाउँपालिका स्थापना गरिएको हो | विश्वसम्पदा

सूचीमा सुचिकृत नेपालको पहिचान सर्वोच्च शिखर सगरमाथा यसै जिल्लामा पर्ने हुँदा यस गाउँपालिकाको समेत विशेष महत्व रहेको छ ।

| नयाँ वडा | साविकको गाविस | साविकको वडा |
|---|---|---|
| १ | गोली | ६, ७, ८ र ९ |
| २ | गोली | १, २, ३, ४ र ५ |
| ३ | चौलाखर्क | ५, ६, ७, ८ र ९ |
| ४ | चौलाखर्क | १, २, ३ र ४ |
| ५ | भाकान्जे | १ देखि ९ सबै |

*स्रोत: पालिका पार्श्वचित्र २०७५*

## २.३ जनसांख्यिक विवरण

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार लिखु पिके गाँउपलकाको कुल परिवार सख्या १२५१ रहेको छ । यी परिवारहरुमा कुल जनसंख्या ५३३४ छ जसमध्ये पुरुष २६७३ र महिला २६६१ रहको छ । यस गाँउपालिकाको औषत परिवार संख्या ४.२६ र लैङ्गिक अनुपात १००.४५ छ भने जनघनत्व ४२.८८ प्रतिवर्ग किलोमिटर छ ।

तालिका १: जनसंख्या विवरण

| क्र.सं. | विवरण | परिमाण |
|---|---|---|
| १ | जम्मा घरधुरी | १२५१ |
| २ | जम्मा जनसङ्ख्या | ५३३४ |
| ३ | पुरुष | २६७३ (५०.११ %) |
| ४ | महिला | २६६१ (४९.८९%) |
| ५ | सरदर घरधुरी संङ्ख्या | ४.२६ (४.३७ नेपालको, र ४.१६ कोशी प्रदेशको) |
| ६ | लैगिक अनुपात | १००.४५ पुरषमा १०० महिला |
| ७ | जनघनत्व | ४२.८८ व्यक्ति प्रति वर्ग कि. मी. |
| | *स्रोत: राष्ट्रिय जनगणना, २०७८* | |

**वडागत रुपमा जनसङ्ख्या विवरण**

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार यस लिखु पिके गाँउपालिकामा कुल जनसंख्या ५३३४ रहेको छ । जसमध्ये पुरुष २६७३ रहेको छ भने महिला २६६१ रहेको छ । यस जनसंख्यालाई वडागत रुपमा बसोवासको अधारमा हेर्दा सबभन्दा बढी वडा न ५ मा रहेको छ । जसमा १३२५ (पुरुष ६६२ महिला ६६३) जना रहेको छ भने सबभन्दा कम वडा न १ मा ६०१ (पुरुष ३०५, महिला २९६) जना रहेके छ ।

| क्र.सं. | पुरुष | % | महिला | % | कुल | % | क्षेत्रफल | जनधनत्व |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३०५ | ५.७२ | २९६ | ५.५५ | ६०१ | ११.२७ | ३५.९० | १६.७४ |
| २ | ६३१ | ११.८३ | ६३२ | ११.८५ | १२६३ | २३.६८ | २७.६१ | ४५.७४ |
| ३ | ५७६ | १०.८० | ६०३ | ११.३० | ११७९ | २२.१० | १०.०३ | ११७.५५ |
| ४ | ४९९ | ९.३६ | ४६७ | ८.७६ | ९६६ | १८.११ | ५.५३ | १७४.६८ |
| ५ | ६६२ | १२.४१ | ६६३ | १२.४३ | १३२५ | २४.८४ | ४५.३१ | २९.२४ |
| | २६७३ | ५०.११ | २६६१ | ४९.८९ | ५३३४ | १००.०० | १२४.३८ | ४२.८८ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

## २.५ हावापानी

नेपालको हिमाली जिल्ला सोलुखम्बुमा पर्ने यस गाउँपालिकाको हावापानीमा पनि विविधता रहेको छ। वर्ष भरिको मौसमलाई नियाल्दा यस क्षेत्रमा मुख्यतः ३ प्रकारको हावापानी रहेको पाईन्छ। समुन्द्र सतहको १२०० मि. उचाई देखि २१०० मि. सम्ममा उष्ण प्रदेशिय हावापानी, २१०० मि. देखि ३३०० मि. सम्मको उचाईमा समशितोष्ण हावापानी र ३३०० मि. देखि ५००० मि. सम्मको उचाईमा लेकाली हावापानी पाईन्छ। गर्मी महिनाहरुमा यस ठाउको तापक्रम बढेर ३० डिग्री सेन्टीग्रेड भन्दा माथि हुने गरेको र जाडो महिनाहरुमा तापक्रम झरेर शुन्य डिग्री सेन्टीग्रेड भन्दा कम सम्म पुग्ने गरको छ । गत वर्षको आँकडा अनुसार यस गाउँपालिकाको तापमान तथा वर्षा यस प्रकार रहेको छ ।

औसत अधिकतम तापक्रम २६ डिग्री सेन्टीग्रेड (अधिकतम तापक्रम : ३३ डिग्री सेन्टीग्रेड)

औसत न्युनतम तापक्रम : ७ डिग्री सेन्टीग्रेड (न्युनतम तापक्रम ९ डिग्री सेन्टीग्रेड)

औसत वार्षिक वर्षा : १६६१.१ मिलिमिटर

## २.६ प्रमुख नदीनाला तथा ताल तलैया

सप्तकोशी नदीको एक सहायक लिखु नदी यस गाउँपालिकाको पश्चिम सिमानामा रहेको छ । त्यस्तै हिमगंगा नदी, किन्जा खोला, खिम्जा खोला, घट्टे खोला समेत यस गाउँपालिका भएर बग्ने गर्दछन। यस गाउँपालिकामा चो सम्बा, चो नक्पू, दक्चु जस्ता पोखरीहरु समेत रहेका छन्।

## २.७ धार्मिक ऐतिहासिक, पुरातात्विक र पर्यटकीय स्थलहरु

सोलुखम्बु जिल्ला आफैमा एक ठुलो पर्यटकीय जिल्ला हो । सर्वोच्च शिखर सगरमाथा लगायतका उच्च हिमशृंखलाहरु महालन्गुर, क्यासर नुम्बुर, पुमोरी, लोत्से आदि यस जिल्लामा पर्दछन। यसले गर्दा यी क्षेत्रमा जाने पर्यटकहरुको लागि पदमार्गको रुपमा विकास भएको सगरमाथा पदमार्ग यहि गाउँ पालिकाको पिके डाँडो हुदै सगरमाथा आधार शिबिरमा गएर टुंगिन्छ। पिके डाँडा हिमालहरुको दृष्यावलोकन गर्नको लागि निकै उपयुक्त थलो हो। पिके क्षेत्र यस गाउँपालिकाको मुख्य पर्यटकीय

क्षेत्रको रुपमा विकास भैरहेको छ । यस गाउँपालिका भित्र रहेका विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्रहरुको आफ्नै मौलिक विशेषता र महत्व रहेका छन् ।

## २.८ ईन्धनको प्रयोग

मानिसहरुले जीवनयापन गर्नाका लागि विभिन्न प्रकारका इन्धनका स्रोतहरु उपयोग गर्ने गर्दछ । यसै सन्दर्भमा यस लिखु पिके गाँउपालिकाको जनताहरुले प्रयोग गरिरहेका इन्धनका स्रोत अनुसार सबभन्दा बढी ९०.९ प्रतिशतले काठदाउरा प्रयोग गरेको तथ्याङ्कले देखाएको छ भने सबभन्दा कम ०.४ प्रतिशतले वायोग्यास प्रयोग गर्ने गरेको देखिन्छ ।

तालिका २: लिखु पिके गाउँपालिकामा खाना पकाउनका लागि प्रयोग गरिने उर्जाको प्रकार

| उर्जाको प्रकार | प्रतिशत |
|---|---|
| काठ/दाउरा | ९०.९ |
| एल.पी.ग्याँस | ८.७ |
| बिजुली | ० |
| गुइँठा/गोरहा | ० |
| बायोग्याँस | ०.४ |
| मट्टीतेल | ० |
| अन्य | ० |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यलिय, राष्ट्रिय जनगणना, २०७८*

दाउराको प्रयोग अधिकतम देखिएको यस गाउँपालिकामा विधुतीय चुलो एवम् सुधारिएको चुलोको प्रयोग बढाउनु पर्ने देखिन्छ । अधिकतम दाउराको प्रयोगले स्वास्थ्यमा असर पार्नुसँगै वायु प्रदुषण र जैविक विविधतामा ह्रास ल्याउनेछ ।

त्यसैगरी बत्ति बाल्नका लागि अधिकतम घरधुरीले बिजुली प्रयोग गर्दछन्, जुन कुल घरधुरीको ८७.६८ प्रतिशत रहेको छ र त्यसैगरी १०.२७ प्रतिशतले सोलार समेत प्रयोग गर्ने गरेका छन् ।

तालिका ३: लिखु पिके गाउँपालिकामा बत्तिका लागि प्रयोग गरिने उर्जाको प्रकार

| उर्जाको प्रकार | प्रतिशत |
|---|---|
| बिजुली | ९६.१ |
| सोलार/सौर्य उर्जा | २.६ |
| मट्टीतेल | १.०५ |
| बायोग्याँस | ०.१ |
| अन्य | ०.२ |

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यलिय, राष्ट्रिय जनगणना, २०७८*

## २.९ भू-उपयोग

कुल १२४.३८ क्षेत्रफल रहेको लिखु पिके गाउँपालिकामा २०.९८ प्रतिशत भू-भाग खेतीयोग्य जमिनले ओगटेको छ भने ६६.०१ प्रतिशत जमिन वनले ओगटेको छ, जल क्षेत्रले ११.१२ प्रतिशत, १.८९ प्रतिशत भू-भाग निर्मित (आवास, बजार) र अन्यले ओगटेको छ ।

| क्र.सं. | भू-उपयोग | क्षेत्रफल (हेक्टरमा) | |
|---|---|---|---|
| १ | कृषि | ३८५१.४ | २०.९८ |
| २ | व्यावसायिक क्षेत्र | ९.९ | ०.०५ |
| ३ | सांस्कृतिक तथा पुरातात्विक क्षेत्र | २.१ | ०.०१ |
| ४ | वन क्षेत्र | १२११६.८ | ६६.०१ |
| ५ | जल क्षेत्र (नदी, पोखरी तथा हिउँले ढाकेको क्षेत्र) | २०४०.४ | ११.१२ |
| ६ | औद्योगिक क्षेत्र | ०.८ | ०.०० |
| ७ | खानी तथा खनिज क्षेत्र | २.१ | ०.०१ |
| ८ | अन्य क्षेत्र | १४८.५ | ०.८१ |
| ९ | सार्वजनिक क्षेत्र | ११८.८ | ०.६५ |
| १० | बस्ती क्षेत्र | ६५.२ | ०.३६ |
| | कुल | १८३५५.९ | १०० |

*स्रोतः लिखु पिके गाउँपालिकाको भू-उपयोग योजना, २०७९*

वडागत भू-उपयोग योजना

| क्र.सं. | भू-उपयोग | वडा | | | | |
|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ |
| १ | कृषि | ९९२.६१ | ७६०.४९ | ५३३.१८ | ४२६.८५ | ११३८.२८ |
| २ | व्यावसायिक क्षेत्र | ०.०१ | ३.७५ | २.७३ | ०.०५ | ३.३९ |
| ३ | सांस्कृतिक तथा पुरातात्विक क्षेत्र | ०.५३ | ०.२२ | ०.३० | ०.२२ | ०.८० |
| ४ | वन क्षेत्र | २३९५.७२ | १८१७.०१ | ४१५.१६ | ९३.०२ | ७३९५.८८ |
| ५ | जल क्षेत्र (नदी, पोखरी तथा हिउँले ढाकेको क्षेत्र) | १२३.२८ | ६०.११ | १४.०० | ११.२६ | १८३१.७० |
| ६ | औद्योगिक क्षेत्र | ०.२४ | ०.३३ | ०.१० | | ०.१५ |
| ७ | खानी तथा खनिज क्षेत्र | ०.४२ | ०.१४ | | ०.६८ | ०.८१ |
| ८ | अन्य क्षेत्र | ३२.५५ | ८४.२५ | ०.६० | | ३१.०९ |
| ९ | सार्वजनिक क्षेत्र | ३१.०२ | १७.४१ | २१.३० | ९.०८ | ३९.९७ |
| १० | बस्ती क्षेत्र | ९.०५ | १४.२४ | १४.०६ | १०.८२ | १७.०५ |
| | कुल | ३५८५.४२ | २७५७.९६ | १००१.४३ | ५५१.९७ | १०४५९.१३ |

*स्रोतः लिखु पिके गाउँपालिकाको भू-उपयोग योजना, २०७९*

## २.१० वन तथा जैविक विविधता

वन महत्वपूर्ण प्राकृतिक सम्पदा हो । वन आर्थिक विकासका मेरुदण्डका रुपमा रहेका कृषि, पर्यटन, जलस्रोत, उद्योग आदिको आधारस्तम्भ पनि वन नै हो । लिखुपिके गाउँपालिकाको आर्थिक, सामाजिक एवं वातावरणीय क्षेत्रको विकासमा वनको उल्लेखनीय योगदान रहेको छ । यो गाउँपालिकामा वन क्षेत्रले गाउँपालिकाको कुल क्षेत्रफलको ७६४१.८९ हेक्टर क्षेत्रफलमा वनजंगल फैलिएको छ । यो गाउँपालिकाको कुल क्षेत्रफलको करिव ६२% हुन आउँछ । यो पालिकाको वडा ५ मा ३ वटा सामुदायीक वन, वडा १, २ र ३ मा एक एक वटा गरी कुल ६ वटा वटा सामुदायिक वन रहेका छन् । जसले ६०० हेक्टर क्षेत्रफल ढाकेको छ । वडा ४ मा भने सामुदायिक वन छैन । वडा ४ का वन उपभोक्ताले वडा ५ को वन नजिक पर्ने भएको कारण वडा ५ को सामुदायिक वन प्रयोग गर्दै आएका छन् । पालिकामा रहेको नागे वन एक मात्र सरकारी वन हो, वडा १,२, ३ र ४ का उपभोक्ताको लागी आवश्यक काठ तथा बन्य पैदावार यसै वनबाट प्रयोग गर्दै आएकाछन् । पालिकामा एउटा निजी वन दर्ता भएको छ, यसले १० हेक्टर क्षेत्रफल ओगटेको छ । यहाँको वनमा विभिन्न प्रजातिका वनस्पतिहरु पाइन्छ । तिनीहरु मध्य गोत्रे सल्ला, खस्रु, उतिस, गुराँस, अँगेरी, चिमाल, धुपी, लोठ सल्लो, चिलाउने, ओखर, चाँप, चेथाङ/भद्रथे को बाहुल्यता रहेको छ । विभिन्न प्रकारका औषधीजन्य महत्वपूर्ण जडिबुटीहरू पाइन्छ। जडीबुटीमा चिराइतो, पाँचऔंले, जटामसी, पाखनभेद, पाखनभेद, कुड्की, पदमचाल, सुनापाती, धुपी, वनलसुन, सतुवा, बोझो, गुर्जो, मजिटो, धसिङ्ग्रे, कालो मुस्ली, सेतो मुस्ली, यार्चागुम्बाको, आदि पाइन्छ । यी जडिबुटीहरू उत्पादन, संकलन तथा बिक्री वितरण समेत हुने गरेको छ । रेडपान्डा, झारल, कस्तुरी जस्ता लोपउन्मुख वन्यजन्तु र डाँफे, मुनाल, चिलिमे, लुईचे/कालिज जस्ता लोपउन्मुख चराचुरुङ्गीहरू पाइन्छन् ।

## २.११ भू-संरक्षण तथा जलाधार व्यवस्थापन

लिखु पिके गाउँपलिकाको प्राकृतिक विपद्का घटनामध्ये भू-स्खलन ('भूक्षय, पहिरो ) प्रमुख समस्या हो । नेपालको पर्वतीय भूसतह ज्यादै कमजोर छ । वन जङ्गलको तीव्र विनाश, अत्यन्तै भिरालो सतह, अवैज्ञानिक खेती प्रणाली, मनसुनको समयमा हुने मुसलधारे वर्षा र त्यसपछिको प्रचण्ड तापमानका कारणबाट नेपालको पहाडी भू-भागमा बारम्बार पहिरो जाने गरेको छ । यसका अतिरिक्त पूर्वाधारको रूपमा निर्माण गरिने सडक, ठूला भवन तथा सिंचाइको कुलोहरू सुरक्षाको उपायहरू अवलम्बन गरी ठिक ढंगबाट निर्माण गर्ने नगरिएबाट पनि पहाडी भूभागमा बारम्बार पहिरो जाने गरेको देखिन्छ । यसरी नेपालले बर्सेनि प्राकृतिक विपद्का घटनाहरूको सामना गरिरहनु परेको छ। भू-क्षयको कारण हरेक वर्ष खेती योग्य माटोको ह्रास भएको पाइन्छ। यो गाउँपालिका हिमाली तथा पहाडी भूगोल भएको कारण यहाँ पहिरो र भू-क्षयको समस्या रहेको छ । विगत ९ वर्षको तथ्याङ्क विश्लेषण गर्दा पहिरोले यस अवधिमा ९०४ जनाको ज्यान लियो भने यही अवधिमा २३३

जना बेपत्ता भएका छन् (मनसुन पुर्व तयारी र प्रतिकार्य कार्ययोजना, २०७७, भाग-१) । पालिकामा भूक्षयको मुख्य कारणहरू भिरालो भूगोल, कमजोर भूबनोट, छोटो अवधिमा हुने अधिक मनसुनी वर्षाजस्ता प्राकृतिक कारणहरु क्षतिका कारकहरू हुन् । अवैज्ञानिक भूउपयोग, संरक्षण एवं वातावरणमैत्री विकासको अवधारणा विपरीत जथाभावी सञ्चालन गरिने विकास निर्माणका कार्यहरू, वनजंगल विनाश, जनचेतनाको कमी आदि मानवीय कारणहरू समेतले गर्दा पालिकामा गाउँबस्ती हरेक वर्ष बाढी र पहिरोको समस्यामा पर्ने, भौतिक पूर्वाधार तथा सम्पत्तिको क्षति हुँदै आएको छ । जलाधार व्यवस्थापन जलाधार क्षेत्र भित्र रहेका समस्त वन, वनस्पति, जनावर तथा मानव समुदायलाई आवश्यक पर्ने जलाधारीय सेवाहरूको परिचालन सुनिश्चित गर्न जलाधार क्षेत्रको भित्रको विभिन्न अंगहरूको कार्य योजना तथा कार्यक्रम विकास गरी जलाधारको क्रियाकलापहरूलाई दिगोरुपमा अघि बढाउनु हो । यसको जलाधार क्षेत्रमा उपलब्ध हुने सबै प्रकारका प्राकृतिक श्रोतहरू मुख्यतयाः जमीन, जल र जङ्गललाई आर्थिक सामाजिक, भौतिक तथा वातावरणीय श्रोतहरूको दिगो विकास हुनेगरि व्यवस्थापन गर्नु पर्दछ । यो परिप्रेक्षमा भू-संरक्षण र जलाधार व्यवस्थापनलाई एकीकृत रुपमा सँगसँगै व्यवस्थापन गर्नु पर्ने हुन्छ । यसको लागी लिखु खोला, लगायतका यो पालिका भएर बग्ने अन्य लिखु खोला, लगायत मार्बु खोला, थेमजेङ खोला, किजा खोला, ढाडे खोला, घट्टेखोला, कोरेसी खोला, बुकु खोला, कड्डाबु खोला, ओईमु खोलाको प्रवाह क्षेत्र (watershed) मा स्थानीय समुदायलाई दैनिक जीवन यापन गर्न चाहिने मानवीय क्रियाकलापहरू सञ्चालन गर्दै यसको व्यवस्थापन गर्नु पर्ने हुन्छ । तब मात्र भू-संरक्षण तथा जलाधारको सही व्यवस्थापन हुन्छ ।

## २.१२ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन र विपद् व्यवस्थापन

लिखु पिके गाउँपलिकाको प्रथम आवधिक योजना २०८० का अनुसार जलवायु परिवर्तन यो पालिका को प्रमुख वातावरणीय समस्या हो । यो समस्या विश्वव्यापी मुद्दा बनेको छ । यसले हाल नेपालमा धेरै प्रकारको वातावरणीय परिवर्तनका सङ्केतहरु देखा परेको पाइछ जस्तैः हिमाली क्षेत्रको हिउँ पग्लने क्रम तिब्र हुनु, हिमरेखाको औसत उचाइ बढ्नु, वर्षामा अनियमितता देखिनु लगायतका अन्य धेरै उदाहरणहरु रहेको देखिन्छ । यसलाई व्यवस्थापन गर्नका लागी नेपाल सरकारले जलवायु परिवर्तन नीति २०११, राष्ट्रिय अनुकुल कार्यक्रम २०१०, स्थानीय अनुकुल कार्य योजना २०११ र राष्ट्रिय अनुकुल योजना २०१७ नीति तथा संस्थागत व्यवस्था गरेकोछ । यी रणनीतिहरुमा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न हरित विकासको अवधारणालाई आत्मसाथ गरिएको छ । यी नीतिहरुमा जलवायु परिवर्तनको असर न्यूनिककरण गर्न हरित विकासको अवधारणालाई आत्मसाथ गरिएकोछ । अनुकुलनका रणनीति कार्यक्रमहरुको तर्जुमा, कार्बन व्यापारको थालनी, वातावरण संवेदनशीलताको मुद्धाहरुको आन्तरिकीकरण र सम्बोधन जस्ता प्रयासहरु भइरहेकाछन् । यस क्षमता लगानी यकिन गर्ने जलवायु परिवर्तन बजेट सङ्केतको व्यस्था

समेत गरिएकोछ । नेपाल सरकारले विपद् जोखिम व्यवस्थापन गर्नको लागी अवलम्बन गरेको विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०७४ र नियमावली २०७६ प्रयोगमा ल्याएको छ । यसले विपद् जोखिम व्यवस्थापनमा महत्व पूर्ण भूमिका निर्वाह गरेको छ । संकट तथा विपद् प्राकृतिक तथा मानवीय दुबै कारणले निम्तिने आकस्मीक र स्वभाविक प्रकृया हो । वातावरण प्रदुषण तथा जलवायुमा विस्तारै परिवर्तनका सङ्केतहरु देखा पर्नाले प्रकृतिमा विपद्को अवस्था देखा पर्दै गएका छन् । यसको प्रकृति तथा विशेषताका आधारमा शुरक्षित रहनु, पूर्वतयारी गर्नु तथा न्यूनीकरणका उपायहरु प्रयोग गरी मानवीय क्षति र आर्थिक क्षति हुनबाट जोगाउन सकिन्छ । विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन यसको विषय सामुदायिक सशक्तिकरण, वातावरण संरक्षण तथा स्रोतको दिगो उपयोग सम्बन्धी चेतना र कार्यक्रमसँग जोड्ने हो भने विपदबाट हुने मानवीय तथा आर्थिक लगायतका अन्य क्षति न्यूनीकरण गर्न सकिन्छ । गाउँपालिकाको पालिकास्तरीय तथा वडा छलफलका क्रममा विभिन्न स्थानमा १४ वटा पहिरो पहिचान भएको छ । यसले गाउँपालिकाको विभिन्न स्थानमा भौतिक सम्पत्तिको क्षति गरेको, कति पय घरपरिवार विस्थापित भएका र कति पय बस्तीहरु सार्नु पर्ने अवस्थामा रहेका देखिन्छन् ।

# अध्याय - ३: गाउँपालिकाको वातावरणीय अवस्था

## ३.१ लिखु पिके गाउँपालिकाको विद्यमान वातावरणीय अवस्था

वातावरण व्यवस्थापन योजना तर्जुमा गर्नुको मुख्य उद्देश्य मानवीय क्रियाकलाप तथा प्राकृतिक घटनाका कारण भौतिक, जैविक, तथा सामाजिक वातावरणमा पर्ने प्रतिकुल असरको पहिचान गरी त्यसको न्यूनीकरण तथा निराकरणको उपाय कार्यान्वयनमा ल्याउनु रहेको छ । तसर्थ, वातावरण व्यवस्थापन योजना प्रतिवेदनमा वातावरणीय प्रभाव, प्रभावको स्रोत र यसको व्यवस्थापनको लागि कार्ययोजना प्रस्ताव समावेश हुन्छ । स्थलगत भ्रमण र सार्वजनिक परामर्शबाट लिखु पिके गाउँपालिकाको विभिन्न वातावरणीय तत्वहरूको वातावरणीय अवस्था अध्ययन गरियो ।

तालिका ४: वातावरणीय तत्वहरूको विद्यमान अवस्था

| क्र.सं. | वातावरणीय तत्वहरू | वातावरणीय अवस्था |
|---|---|---|
| १. | वायु | • सवारीसाधनबाट हुने उत्सर्जन गाउँपालिकामा न्युन पाईयो । केही घरहरूमा दुई चक्के सवारीसाधन र न्युन घरहरूमा चार चक्के सवारीसाधन देखियो ।<br>• यस पालिकामा उद्योगहरू नरहेको र जसको कारण उद्योगहरूबाट नगण्य रुपमा प्रदुषण उत्सर्जन भएको पाइयो । मध्यम वर्गिय उद्योगमा घरेलु र कृषिमा आधारित उद्योग पर्छ जस्तै डेरी, काठ, मिल आदि ।<br>• खुला ठाउँ र हरेक घरमा प्लाष्टिक जलाउने अभ्यासले गर्दा प्रदुषण उत्सर्जनको मुख्य कारण प्लाष्टिक जलाउने देखियो ।<br>• गाउँपालिकामा भित्री वायु प्रदुषण भएको पाइयो किनभने आधी जनसंख्याले खाना पकाउन दाउराको प्रयोग गर्ने रहेछन् ।<br>• करिब २०० दुइ चक्के र करिब ५० चार चक्के सवारीसाधन हरेक दिन गुड्ने अनुमान गरियो । |
| २. | जलस्रोत | • पालिकामा नदि, खोला, सिँचाइ नाला र पोखरी जस्ता जलस्रोतहरू रहेका छन् ।<br>• विगत दशकहरूको तुलनामा जमिनको पानीको सतह घटेको कारण केही स्रोतहरू सुकेका छन् ।<br>• स्थानीय जनताले खोला किनारमा नुहाउने र लुगा धुने चलन देखियो । |

| क्र.सं. | वातावरणीय तत्वहरू | वातावरणीय अवस्था |
|---|---|---|
| | | • प्राकृतिक पोखरीमा स्थानीय माछाको विविधता र संख्या विगतको तुलनामा घट्दै गएको छ ।<br>• सेप्टिक टंकीको चलन बजार क्षेत्रमा मात्र रहेको र फोहोर कम्पोस्ट मलको रुपमा प्रयोग गरिन्छ ।<br>• यस क्षेत्रमा उत्पादित रासायनिक र औद्योगिक स्लज न्युन मात्रामा पाइन्छ ।<br>• पालिकामा खोलाको पानी प्रदूषण हुनुको प्रमुख कारण हाइड्रो, खोलामा फोहोर फाल्ने, खेतीयोग्य जमिनबाट निस्कने फोहोर, पौडी खेल्ने, नुहाउने, लुगा धुने नै मुख्य रुपमा हुने गरेका छन् ।<br>• जमिनको पानीको सतह हरेक वर्ष घटिरहेको छ । |
| ३. | माटो | • पालिकामा माटो प्रदुषणको मुख्य कारण अजैविक वा रसायनिक मलको प्रयोग, कीटनाशक औषधि र उद्योगबाट निस्कने प्रदूषकहरू हुन् ।<br>• सबै वडाहरूले बालीको उत्पादकत्व बढाउन र कीरा नियन्त्रण गर्न ईनअर्गानिक मल र कीटनाशकहरू प्रयोग गर्छन् ।<br>• सिँचाइ सुविधा र हाइब्रिड बीउ, रासायनिक मल र कीटनाशकको प्रयोगले खाद्य बालीको उत्पादन वार्षिक रुपमा बढ्दै गएको छ। त्यसैले उत्पादकत्व बढ्दै गएकाले रासायिनक मलको प्रयोग घटाउन कृषकहरू तयार छैनन्। |
| ४. | फोहोरमैला | • यस गाउँपालिकामा जनसंख्या वृद्धि, मानव वस्ति र उप—शहरको विकास तिव्र नभयकोले सङख्याको कारण फोहोरमैला व्यवस्थापनको समस्या ठुलो नहुने देखिन्छ ।<br>• वडा नं. ३ मा सानो डम्पिङ साइट तयार भएको कारण ठोस फोहोर फाल्ने ठाउँ निश्चित भएता पनि मानिसहरूमा नगल्ने फोहोरलाई खुला ठाउँमा जथाभावी रूपमा फाल्ने प्रवृत्ति व्यापक देखिएको छ ।<br>• खुला ठाउँ प्लाष्टिक जलाउने अभ्यास हरेक क्षेत्रमा पाइयो ।<br>• पुनःप्रयोग अभ्यास भने धातुजन्य वस्तुमा मात्र सिमीत रहेछ ।<br>• कुहिने फोहोरलाई कम्पोष्ट बनाउने जस्ता परम्परागत फोहोर व्यवस्थापन अभ्यासहरू घरायसी स्तरमा मात्र पाइन्छ ।<br>• सिसाहरु व्यवस्थापन गर्न २०७९ मा पालिकाको आफ्नै खर्चमा १ ट्रक सिसा अन्यत्र स्थानन्तरण गरेको पाइयो । |

| क्र.सं. | वातावरणीय तत्वहरू | वातावरणीय अवस्था |
|---|---|---|
| ५. | जैविक विविधता | • गाउँपालिका क्षेत्रमा सामुदायिक वन व्यवस्थापन र अभ्यासद्वारा वनस्पति र जीवजन्तु संरक्षण प्रयासलाई जोड दिईएको छ ।<br>• गाउँपालिकामा वन क्षेत्र कम छ र वृक्षारोपणका लागि पर्याप्त क्रियाकलाप तथा योजनाहरू बनेका छन् ।<br>• स्थानीय जनताका अनुसार विभिन्न प्रकारका मिचाहा प्रजातिहरूले स्थानीय प्रजातिहरूलाई असर गरेको छ।<br>• पालिकामा पाइने प्रमुख रूख प्रजातिहरू सल्लो, सिमल, जामुन, कदम, खयर, बकाईनो, बेल, अमला आदि हुन् ।<br>• प्रमुख झाडी प्रजातिहरू गुइलो र अन्गेरी हुन् ।<br>• प्रमुख औषधिय वनस्पतीहरू हर्रो, बर्रो, पाँचऔंले, मोझो, रुद्राक्ष आदि हुन्।<br>• पालिकामा पाईने प्रमुख वन्यजन्तुहरू चितुवा, मृग, हरिण, दुम्सी, न्याउरी, बँदेल, बाँदर, स्याल आदि हुन् ।<br>• पालिकामा पाईने प्रमुख चराचुरूङ्गी लुइचे, मैना, कालिज र वन कुखुरा आदि हुन् ।<br>• गाउँपालिकामा निजी वनको संख्या कम छ ।<br>• गाउँपालिकामा धार्मिक वनको संख्या कम छ । |
| ६. | प्राकृतिक प्रकोप | • पहिरो, बाढी, खोला किनार काट्ने, खोला सर्ने र आगलागी हुने यस पालिकाको प्रमुख प्राकृतिक प्रकोपहरू हुन्<br>• पालिकाका सबै वडाहरू पहिरो र बाढीको जोखिममा छन् ।<br>• प्रत्येक वर्ष बाढी र पहिरोले बालीमा क्षति, सम्पत्तिको क्षति र मानवीय क्षति निम्त्याएको छ ।<br>• हाइड्रो निर्माणले वस्ति बिस्थापनको जोखिम बढेको छ ।<br>• खोलाको तटबन्ध, ग्याबियन पर्खाल निर्माण, बाँस पईलिंग जस्ता काम बाढी नियन्त्रणका लागि गरिएका छन् ।तर, बाढीको प्रभाव अझै नियन्त्रण बाहिर रहेको छ ।<br>• फोहोर जलाउने र भू—उपयोग परिवर्तनका लागि जानाजानी आगो लगाउने जस्ता लापरवाहीका कारण आगो लाग्ने गरेको छ ।कहिलेकाहीँ खडेरीका कारण आगलागी हुने गरेको पनि देखिएको छ । |

| क्र.सं. | वातावरणीय तत्वहरू | वातावरणीय अवस्था |
|---|---|---|
| | | • प्रमुख प्राकृतिक प्रकोप पहिरो, बाढी, आँधी, बिजुली चम्किने, आदि हुन् ।<br>• मानवको कारणले भएको प्रमुख प्रकोप भने आगलागी, सडक दुर्घटना हो । |

## ३.२ लिखु पिके गाउँपालिकाले वातावरण सम्बन्धी लिएको नीति तथा कार्यक्रमहरू

### ३.२.१ लिखु पिके गाउँपालिकाले लिएका नीतिहरू

मानवीय क्रियाकलापका कारण पर्ने वातावरणीय असरलाई न्यूनीकरण गर्न साथै प्राकृतिक प्रकोपका कारण हुने मानवीय तथा आर्थिक क्षतिको पूर्व व्यवस्थापन गर्नका लागि लिखु पिके गाउँपालिकाले विभिन्न नीति लिएको छ।

**वन, वातावरण, जलवायु परिवर्तन तथा विपद व्यवस्थापन सम्बन्धी लिखु पिके गाउँपालिकाले लिएको नीति यस प्रकार रहेका छन्**

**क. वन तथा वातावरण संरक्षण नीतिः**

- गाउंपालिकाका सबै नाङ्गो ठाउँहरुमा व्यापक मात्रामा वृक्षारोपण गरी यस पालिकालाई हराभरा गाउँपालिकाको रुपमा पहिचान दिलाइनेछ । जसले पर्यावरणिय पर्यटनको विकासमा ठोस योगदान पुग्नेछ ।
- लोप हुन लागेका वन्यजन्तु तथा चराचुरुङ्गिको संरक्षण, जैविक विविधता र पारिस्थितिक प्रणालिको सन्तुलनका लागि छुटै विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा ईको पार्क, चिलड्रेन पार्क र पिकनिक स्थलको विकासको कार्य ठोस रुपमा अगाडी बढाइने छ ।
- ढुंगा, गिट्टी, बालुवा संकलन गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्न नदिन प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्पन्न गरिएका खोलाहरूबाट मात्र खोलाजन्य पदार्थ संकलन गरिनेछ साथै प्रतिबेदनमा सिफारिस भएका सुझावहरू पालना भए नभएको प्रभावकारी अनुगमन कार्यलाइ निरन्तरता दिइनेछ ।
- पालिका क्षेत्रमा विकास निर्माणका लागि आवश्यक IEE / EIA कार्यान्वयनका लागि वातावरण संरक्षण नियमावलीले दिएको क्षेत्राधिकार भित्र रही आवश्यक कानुन तथा कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
- गाउँपालिकाका सडकलाई हरियाली बनाउन हरेक सडकको छेउमा बहुबर्षे फलफुलका विरुवा (ओखर, एभोकाडो आदि) वृक्षारोपन कार्यलाई प्रोत्साहन गरिनेछ ।
- वन नर्सरी स्थापना गरिनेछ ।

- अन्तर निकाय, अन्तर तह समन्वय र सहकार्य गरिनेछ ।
- भू तथा जलाधार संरक्षण गरिनेछ ।
- निजी वनलाई प्रोत्साहन गर्न वन दर्ता गरेमा वार्षिक तिर्नुपर्ने राजस्व छुटको व्यवस्थापन गरिनेछ।
- पानी भरण पोखरीहरूको निर्माण गरिनेछ ।
- सामुदायिक बनको लागत तयारी र कार्ययोजना तर्जुमा र स्वीकृति गरिनेछ ।

**ख. विपद व्यवस्थापन तथा जलवायु नीतिः**

- विपद जोखिम पूर्वानुमान पूर्वतयारी प्रतिकार्य र पुर्नलाभ सम्बन्धि क्षमता विकासका लागी आवश्यक बन्दोबस्त तथा सचेतनाका कार्यक्रम संचालन गरिनेछ ।
- विकास निर्माणका गतिविधि संचालन गर्दा विपद जोखिमका सम्बन्धमा विचार पुर्याईनेछ ।
- विपद सूचना दिएर नआउने भएकाले विपदसँग लड्न प्रकोप व्यवस्थापन कोषमा थप रकम व्यवस्थित गरिनेछ ।
- जलवायु परिवर्तन मौन विश्वव्यापी संकटको रुपमा देखा पर्दैछ । जलवायु परिवर्तन अनुकुल क्षमता अभिवृद्धी तथा प्रतिकुल प्रभावको न्युनिकरणका लागी साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।

**ग. फोहरमैला तथा सरसफाईसम्बन्धी नीति :**

- सडक नाली सार्वजनिक स्थल र खुल्ला स्थानमा फोहोर फाल्नेलाई कारवाही गरिनेछ । सोको प्रभावकारी अनुगमनको व्यवस्था मिलाईनेछ । सरसफाई र फोहोर व्यवस्थापनलाई व्यवस्थित बनाउन वडा स्तरमा फोहोर व्यवस्थापन तथा अनुगमन समिति गठन गरी प्रभावकारी रुपमा परिचालन गर्ने नीति लिइनेछ ।
- जैविक अजैविक फोहोरलाई उत्पादन तह देखी नै वर्गिकरण गरी जैविक फोहोरबाट घरमै कम्पोस्ट मल बनाउन प्रेरित गरिनेछ । नगल्ने फोहोर व्यवस्थापनका लागी मुख्य मुख्य ठाँउमा इन्सिनेटर राखेर जलाउने व्यवस्था गरिनेछ ।

## ३.२.२ आर्थिक वर्ष २०८०/०८१ मा फोहोरमैला व्यवस्थापन, वातावरण तथा विपद व्यवस्थापनका लागि ल्याईने कार्यक्रमहरूको योजना एवम् बजेट

लिखु पिके गाउँपालिकाको वार्षिक विकास योजना २०८०/८१ अनुसार वातावरण तथा विपद् व्यवस्थापनका लागि आर्थिक वर्ष २०८०/०८१ मा ल्याईने कार्यक्रमहरूको योजना निम्नानुसार रहेको छ -

- लिखु पिकेमा भल नियन्त्रण
- सार्वजनिक शौचालय निर्माण
- विपद व्यवस्थापन

- फोहोरमैला व्यवस्थापन तथा सरसफाई
- पोष्ट ओ.डि.एफ.
- वन तथा वृक्षारोपण तथा वातावरण संरक्षण

त्यसैगरी यस गाउँपालिकाको वार्षिक बजेट प्रतिवेदन, २०८० अनुसार वातावरण तथा विपद् व्यवस्थापनमा आर्थिक वर्ष २०८०/०८१ को लागि रू तिस लाख छुट्याईएको छ ।

लिखु पिके गाउँपालिकाको वार्षिक बजेट प्रतिवेदन अनुसार पालिकाले विपद व्यवस्थापन र फोहोर व्यवस्थापनमा विशेष ध्यान दिएको देखिन्छ । यससँगै पालिकाले स्थलीय तथा जलीय जैविक विविधताको संरक्षण, वन क्षेत्रको संरक्षण, भूमि व्यवस्थापन आदिका लागि समेत योजना बनाई कार्यक्रमहरू ल्याउनु आवश्यक देखिन्छ । पालिकाले वातावरण संरक्षणका लागि छुट्याएको बजेट वातावरणीय कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि पर्याप्त हुन नसक्ने हुनाले आगामी आर्थिक वर्षको बजेट विनियोजनमा जम्मा बजेटको कम्तिमा १.५ प्रतिशत वातावरण संरक्षण लागि छुट्याउनु पर्ने देखिन्छ ।

# अध्याय - ४: वातावरण व्यवस्थापन योजनाको रणनीति तथा कार्यनीति

यस अध्यायमा वातावरणका विभिन्न तत्वहरूको व्यवस्थापनका लागि अपनाउनुपर्ने कार्ययोजना, उक्त कार्यसम्पन्न गर्ने जिम्मेवार निकाय र उक्त कार्ययोजनाको उद्देश्यको बारेमा उल्लेख गरिएको छ ।

## ४.१ ठोस फोहोरमैला व्यवस्थापन योजना

**तालिका ६:** ठोस फोहोरमैला व्यवस्थापन योजना

| रणनीति | कार्यनीति | जिम्मेवार निकाय | उद्देश्य | कैफियत |
|---|---|---|---|---|
| ४.१.१ प्रत्येक वडा स्तरमा प्रतिव्यक्ति प्रतिदिन गल्ने र नगल्ने फोहोर उत्पादन परिमाणको अध्ययन गर्ने | ४.१.१.१ नमुना घरधुरीमा अध्ययन गरिनेछ । | स्थानीय निकाय; विशेषगरी सम्बन्धित वडाका जनप्रतिनिधि | फोहोर व्यवस्थापनका लागि आवश्यक पूर्वाधारको क्षमता आंकलनमा सहयोग पुग्ने | फोहोर परिमाणीकरण सम्बन्धी अध्ययनका लागि एक विज्ञ र प्रति वडा २ वा ३ (आवश्यकता अनुसार) स्थानीय विद्यार्थीलाई संलग्न गराउने |
| | ४.१.१.२ संस्थागत स्तरमा अध्ययन गरिनेछ (विद्यालय, अस्पताल, होटल, संस्था आदि)। | स्थानीय निकाय; विशेषगरी सम्बन्धित वडाका जनप्रतिनिधि | | |
| ४.१.२ गल्ने र नगल्ने फोहोर स्रोतमै छुट्याएर राख्ने स्वभावको विकास | ४.१.२.१ फोहोरको प्रकार अनुसार (गल्ने, कागज, प्लाष्टिक, सिसा, धातु, विधुतीय वस्तु आदि) स्रोतमै फोहोर छुट्याएर राख्ने तालिम प्रदान गरिनेछ । | स्थानीय निकाय; फोहोरमैला व्यवस्थापनसम्बन्धी काम गर्ने निजी संघसंस्था, गैरसरकारी तथा अन्तराष्ट्रीय गैरसरकारी संस्था | फोहोरको प्रकार अनुसार त्यसको व्यवस्थापन गर्न सजिलो पार्नु | |

| रणनीति | कार्यनीति | जिम्मेवार निकाय | उद्देश्य | कैफियत |
|---|---|---|---|---|
| | ४.१.२.२ बजार तथा सहरी क्षेत्रको प्रत्येक टोलमा अथवा ५०० मि. को दुरीमा गल्नेफोहोर, कागज, प्लाष्टिक, र सिसा संकलनका लागि फरक-फरक रंग भएका ४ प्रकारका डस्टबिन राखिनेछ । | स्थानीय निकाय | | |
| | ४.१.२.३ सरसफाई कर्मचारीले डस्टबिनमा फोहोर छुट्याएर राखिएको छ/छैन भनि निरीक्षण गर्ने र नछुट्याईएको खण्डमा छुट्याएर राख्ने वा छुट्याएर राखिएको सुनिश्चित गर्ने जिम्मेवारी उक्त कर्मचारी वा सम्बन्धित निकायको हुनेछ । | स्थानीय निकाय र खासगरी सम्बन्धित वडाका जनप्रतिनिधि | | |
| | ४.१.२.४ कसैले पनि फोहोर जथाभावी फ्याँकेको पाईएमा अथवा पालिकाले घर तथा संस्थानहरूबाट फोहोर संकलन गर्दा फोहोर छुट्याएर नराखेमा नियम अनुसार कारवाही गरिनेछ । | स्थानीय निकाय; वडाका जनप्रतिनिधि | | |

| रणनीति | कार्यनीति | जिम्मेवार निकाय | उद्देश्य | कैफियत |
|---|---|---|---|---|
| ४.१.३ गल्ने फोहोरको स्रोतमै व्यवस्थापन गर्ने | ४.१.३.१ गल्ने फोहोरलाई घरमै व्यवस्थापन गर्न सकिने उपायहरूको बारेमा प्रत्येक टोलमा गई जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ। | स्थानीय निकाय र खासगरी सम्बन्धीत वडाका जनप्रतिनिधि | गल्ने फोहोरको स्रोतमै व्यवस्थापन गरी landfill site मा पर्न जाने चापलाई घटाउने | पशुचौपायालाई आहारा, बारीमा प्रयोग, बायोग्यास उत्पादन, सामुहिक रुपमा मल बनाउने आदि सम्बन्धी जानकारी |
| | ४.१.३.२ घरमै व्यवस्थापन गर्न नसकेको गल्ने फोहोरलाई गाईबस्तु, बंगुर, सुँगुर आदिको व्यवसाय गर्नेसम्म पुऱ्याउने/बेच्ने व्यवस्था मिलाईनेछ । | सम्बन्धित वडाका जनप्रतिनिधि, व्यवसायी | | |
| | ४.१.३.३ पालिकाद्वारा स्थापना गरिएको प्रांगारिक मल उत्पादन केन्द्रमा घर/संस्था तथा कृषिबाट निस्किएको गल्ने वस्तुको प्रयोग बढी गर्ने, साथै ईच्छुक स्थानीयलाई त्यसमै संलग्न गराई तालिम प्रदान गरिनेछ । | स्थानीय निकाय, सम्बन्धित वडाका जनप्रतिनिधि | | |
| ४.१.४ नगल्ने फोहोरको व्यवस्थापनका लागि ५R (Reduce, Reuse, | ४.१.४.१ ४० माईक्रोनभन्दा कम मोटाई भएको पोलीथिनको प्रयोगमा प्रतिबन्ध लगाईनेछ । | स्थानीय निकाय | ५R को सिद्धान्त प्रयोग गरी नगल्ने फोहोरको | |

| रणनीति | कार्यनीति | जिम्मेवार निकाय | उद्देश्य | कैफियत |
|---|---|---|---|---|
| Recycle, Refuse, Repurpose) को सिद्धान्त अपनाउने | ४.१.४.२ प्रति घर प्रति वर्ष दुई कपडाको झोला वितरण गरिनेछ । | स्थानीय निकाय, सम्बन्धित वडाका जनप्रतिनिधि | व्यवस्थापन गर्ने र landfill site सम्म जाने फोहोरको मात्रा घटाउने | कपडाको झोला पुनः प्रयोग गर्न सकिने भएकोले त्यसको प्रयोगको लागि प्रोत्साहन गर्ने |
| | ४.१.४.३ पुनः प्रयोगमा आउने वस्तु जस्तै पानीको बोतल, खाली सि.सि. आदिलाई पुनः प्रयोगमा ल्याईनेछ । | प्रयोगकर्ता | | |
| | ४.१.४.४ पुनःचक्रण हुने वस्तुहरू जस्तैः कागज, फलाम, तन्किने प्लाष्टिक, कार्टुन, आदि जम्मा गरी उक्त सामान संकलन गर्ने व्यक्तिलाई पठाईनेछ । | प्रयोगकर्ता | | |
| | ४.१.४.५ पुनःचक्रणयुक्त वस्तु संकलन गरी जम्मा गर्नका लागि पालिकामा कम्तिमा २ वटा संकलन केन्द्र निर्माण गर्ने र संकलन गरिएको पुनःचक्रणयुक्त वस्तु १५/१५ दिनमा सम्बन्धित पुनःचक्रण केन्द्रमा पुर्याइनेछ । | स्थानीय निकाय | | |

| रणनीति | कार्यनीति | जिम्मेवार निकाय | उद्देश्य | कैफियत |
|---|---|---|---|---|
| | ४.१.४.६ फुटेका सिसा अन्य फोहोरभन्दा अलग जम्मा गरी नजिकै रहेको सिसा संकलन गर्ने डस्टबिनमा राख्ने अथवा फोहोर संकलन गर्ने व्यक्तिलाई दिईनेछ । | उत्सर्जक | | |
| | ४.१.४.७ घर तथा बारीमा सजावटको रुपमा प्रयोग गर्न सकिने वस्तुलाई रचनात्मक रुपमा प्रयोग गर्नका लागि सिपमुलक कार्यक्रम संचालन गरिनेछ । | स्थानीय जनता, विद्यार्थी, निजी संस्था | | |
| ४.१.५ फोहोर नियमित रुपमा संकलन गर्ने | ४.१.५.१ पालिकाले निजी संस्थाहरूसँग समन्वय गरी घरदैलोबाट फोहोर संकलन गरिनेछ । | स्थानीय निकाय, निजी संस्था | स्थानीय जनतालाई फोहोर व्यवस्थापन गर्न सजिलो पार्ने | |
| | ४.१.५.२ बजार क्षेत्रको दैनिक सरसफाई तथा फोहोर संकलन गरिनेछ । | स्थानीय निकाय | | |
| | ४.१.५.३ शहरीक्षेत्रको घरदैलोबाट कम्तिमा हप्ताको २ दिन फोहोर संकलन गरिनेछ । | स्थानीय निकाय, निजी संस्था | | |
| | ४.१.५.४ ग्रामीण क्षेत्रबाट आवश्यकता अनुसार १५ दिनमा १ पटक अथवा | स्थानीय निकाय, निजी संस्था | | |

| रणनीति | कार्यनीति | जिम्मेवार निकाय | उद्देश्य | कैफियत |
|---|---|---|---|---|
| | महिनामा १ पटक फोहोर संकलन गरिनेछ । | | | |
| | ४.१.५.५ फोहोर संकलनका लागि आवश्यक सामग्री खरिद गरिनेछ । | स्थानीय निकाय, निजी संस्था | | |
| | ४.१.५.६ फोहोर संकलन गर्ने ट्र्याक्टर चारैतर्फबाट घेरिनेछ । | स्थानीय निकाय, निजी संस्था | | ट्र्याक्टरबाट फोहोर बाटोमा खस्न नदिनका लागि सावधानी अपनाउने |
| | ४.१.५.७ फोहोर संकलन तथा सरसफाईका लागि आवश्यक जनशक्ति थपिनेछ । | स्थानीय निकाय | | प्रत्येक वडामा २ सरसफाई कर्मचारी/सहरी क्षेत्रमा आवश्यकता अनुसार बढाउन सकिने |
| | ४.१.५.८ फोहोर संकलन तथा सरसफाईमा संलग्न कर्मचारीहरूलाई सुरक्षा सामाग्री उपलब्ध गरईनेछ । | स्थानीय निकाय, निजी संस्था | | |
| | ४.१.५.९ अस्थायी फोहोर संकलन केन्द्र स्थापना गरिनेछ (चारैतर्फबाट घेरिएको, बस्ती तथा पानीको स्रोतबाट कम्तिमा ५०० मि. को दुरी, र दुर्गन्ध | स्थानीय निकाय | | landfill site निर्माण नहुञ्जेल साथै निर्माणपश्चात् समेत केहि समयका लागि फोहोर |

| रणनीति | कार्यनीति | जिम्मेवार निकाय | उद्देश्य | कैफियत |
|---|---|---|---|---|
| | फैलिन नदिनका लागि चारै तिर रुख रोपिनेछ) । | | | संकलन गरी जम्मा गरेर राख्नका लागि आवश्यक |
| ४.१.६ जल निकासी प्रणालीमा ठोस फोहोर मिसिन नदिने | ४.१.६.१ पानी वनका लागि बाटोको छेउमा बनाईएको नालामा ठोस फोहोर फ्याँक्नेलाई कारवाही गरिनेछ । | स्थानीय निकाय | पानीको स्रोतको गुणस्तर कायम राख्न | |
| | ४.१.६.२ बन्द जल निकासी प्रणाली (closed drainage system) को निर्माण गरिनेछ । | स्थानीय निकाय | | |
| | ४.१.६.३ अवस्थित खुला जल निकासी प्रणालीको नियमित सरसफाई गरिनेछ । | स्थानीय निकाय | | |
| ४.१.७ Landfill site को निर्माण | ४.१.७.१ पालिकाले अन्य पालिकासँग समन्वय गरेर landfill site को लागि जग्गा प्रस्ताव गरिनेछ । | स्थानीय निकाय | जथाभावी फोहोर व्यवस्थापनबाट हुने नकारात्मक असर (स्वास्थ्य तथा वातावरणमा पर्ने असर) कम गर्न | |
| | ४.१.७.२ प्रस्तावित जग्गाको सम्भाव्यता अध्ययन गरिनेछ । | | | |
| | ४.१.७.३ EPR, २०७६ मा उल्लेख गरिए बमोजिम प्रस्तावित क्षेत्रको वातावरणीय अध्ययन गराई कम प्रभाव पर्ने स्थानमा landfill site निर्माण गरिनेछ । | स्थानीय निकाय | | |

| रणनीति | कार्यनीति | जिम्मेवार निकाय | उद्देश्य | कैफियत |
|---|---|---|---|---|
| ४.१.८ हानिकारक फोहोर (विशेषगरी अस्पतालमा भएका संक्रमित तथा तिखो वस्तु) को व्यवस्थापन | ४.१.८.१ सुई को प्रयोग पश्चात त्यसको तिखो भागलाई मेसिनको सहायताले dispose गरिनेछ । | अस्पताल/ स्वास्थ्य केन्द्र | अस्पतालबाट निस्किने हानिकारक एवम् संक्रमित फोहोरबाट हुने जोखिम कम गर्नु | |
| | ४.१.८.२ संक्रमित फोहोर अन्य फोहोरसँग नमिसाई छुट्टै संकलन गरिनेछ । | अस्पताल/ स्वास्थ्य केन्द्र | | |
| | ४.१.८.३ संक्रमित फोहोरलाई autoclave को सहायताले असंक्रमित गरिनेछ । | अस्पताल/ स्वास्थ्य केन्द्र | | |
| | ४.१.८.४ पालिका तथा अन्य निजी संस्थाले फोहोर संकलन गर्ने क्रममा हानिकारक फोहोरको संकलन छुट्टै गरिनेछ। | स्थानीय निकाय, निजि संस्था | | |
| ४.१.९ फोहोरका कारण वातावरणमा हुने प्रदुषणको न्यूनीकरण गर्ने | ४.१.९.१ फोहोर बाल्ने अभ्यासमा प्रतिबन्ध लगाइनेछ । | स्थानीय निकाय | प्रत्येक प्राणी तथा वनस्पतिलाई सफा वातावरणमा हुर्किन पाउने अधिकार प्रदान गर्ने | |
| | ४.१.९.२ पानीको स्रोत नजिक फोहोर फ्याँक्न प्रतिवन्ध लगाईनेछ । | स्थानीय निकाय | | |
| | ४.१.९.३ जथाभावी फोहोर फ्याँक्नेलाई पालिकाले तोकिए बमोजिम जरिवाना लिने | स्थानीय निकाय | | |

| रणनीति | कार्यनीति | जिम्मेवार निकाय | उद्देश्य | कैफियत |
|---|---|---|---|---|
| | ४.१.९.४ फोहोरबाट हुने दुर्गन्ध कम गर्नका लागि प्रत्येक डस्टबिन ढाकेर राखिनेछ । | स्थानीय निकाय | | |
| ४.१.१० फोहोर व्यवस्थापनसम्बन्धी जनचेतना बढाउने | ४.१.१०.१ समय-समयमा स्थानीय जनता, तथा सरसफाई कर्मचारीलाई फोहोर व्यवस्थापनसम्बन्धी तालिम प्रदान गरिनेछ । | स्थानीय निकाय; फोहोरमैला व्यवस्थापनसम्बन्धी काम गर्ने निजी संस्था, NGO, INGO | जथाभावी फोहोर फ्याँक्ने तथा जलाउने प्रवृत्ति हटाउने | |
| ४.१.११ दक्ष जनशक्तिको आवश्यकता र गुनासोको सुनुवाई | ४.१.११.१ पालिकामा कम्तिमा १ वातावरण विद्को नियुक्ति गरिनेछ । | स्थानीय निकाय | फोहोरको व्यवस्थापन वैज्ञानिक रुपमा अगाडि बढाउने र स्थानीयलाई प्रोत्साहन गर्ने | |
| | ४.१.११.२ पालिकाको वातावरण शाखामा गुनासो पेटिकाको व्यवस्था गरिनेछ । | स्थानीय निकाय | | |
| | ४.१.११.३ प्रत्येक महिना सम्पूर्ण सरसफाई कर्मचारी, वडा प्रतिनिधि तथा आवश्यक परेको खण्डमा फोहोर व्यवस्थापनसम्बन्धी काम गर्ने निजी संस्थाहरूका प्रतिनिधिसँग समीक्षा बैठक बसिनेछ । | स्थानीय निकाय | | |

## ४.२ ढल तथा जल निकासी व्यवस्थापन योजना

तालिका ७: ढल तथा जल निकासी व्यवस्थापन योजना

| रणनीति | कार्यनीति | जिम्मेवार निकाय | उद्देश्य | कैफियत |
|---|---|---|---|---|
| ४.२.१ ढलको पानीको व्यवस्थापन गर्ने | ४.२.१.१ शहरी क्षेत्रको प्रत्येक घर तथा संस्थागत भवनको ढल निकासीका लागि septic tank को निर्माण गरिनेछ । | घर निर्माण गर्ने व्यक्ति | ढलको पानी अन्य पानीको स्रोतसँग मिसिन नदिने | |
| | ४.२.१.२ ग्रामीण क्षेत्रको घरहरूमा septic tank नभएको खण्डमा ढलबाट वायोग्यास निकाल्ने साथै बाँकी रहेको ठोस पदार्थको मल बनाएर ढल व्यवस्थापन गरिनेछ । | | | बायो ग्यासको लागि सरकारले दिने अनुदानलिई बायोग्यास प्रणाली जडान गर्ने |
| ४.२.२ जल निकासी प्रणालीको निर्माणतथा व्यवस्थापन | ४.२.२.१ प्रत्येक घरको अगाडि बन्द जल निकासी प्रणाली निर्माण गरिनेछ। | स्थानीय निकाय | बाटो तथा अन्य खाली क्षेत्रमा पानी जम्न नदिने | |
| | ४.२.२.२ जैविक प्रविधिबाट जल निकासी प्रणालीद्वारा आएको पानीको प्रशोधन गर्ने/समय समयमा र विशेषगरी मनसुन आउनु भन्दा अगाडि drainage को निकासी क्षेत्रको सरसफाई गरिनेछ (प्लाष्टिकहरू निकाल्ने)। | स्थानीय निकाय | | जैविक प्रविधिको लागि Norcot बिरुवाको प्रयोग गर्न सकिने |

| रणनीति | कार्यनीति | जिम्मेवार निकाय | उद्देश्य | कैफियत |
| --- | --- | --- | --- | --- |
| | ४.२.२.३ जल निकासी प्रणाली बन्द हुन नदिनको लागि जथाभावी फोहोर फ्याँक्ने अभ्यासलाई निषेध गरिनेछ । | | | |
